भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. २०७७/०७८
च.नं. १६३८

मितिः २०७७।०८।०४

## विषयः सूचि दर्ता गर्ने वारे सूचना ।

भरतपुर महानगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत पशु विकास सेवा कार्यक्रम अनुसार महानगरपालिका क्षेत्र भित्र पशुवस्तुहरूमा स्वास्थ्य सेवा प्रवाह गर्ने निजीस्तरका पशु स्वास्थ्य प्राविधिक र कृत्रिम गर्भाधान सेवा प्रवाह गर्ने निजीस्तरका इन्सिमिनेटरहरूको सूचि दर्ता गर्ने कार्यक्रम भएकोले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र भरतपुर महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखामा तपसिलमा उल्लेखित कागजातहरू सहितको आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । भरतपुर महानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अनुसार महानगरमा सूचि दर्ता नगरी प्रवाह गरिने सेवालाई आधिकारिक नमानिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ । कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट **www.bharatpurmun.gov.np** बाट डाउनलोड गर्न सकिने छ ।

**आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालमा फार्म/व्यवशाय दर्ता गरेको प्रमाणपत्र ।
२. नेपाली नागरिकताको प्रमाणपत्र ।
३. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।
४. ईन्सेमिनेटरको हकमा कम्तिमा जेटिए वा सो सरह अध्ययन गरेको प्रमाणपत्र, कृत्रिम गर्भाधान तालिम लिएको प्रमाणपत्र र कृत्रिम गर्भाधान गर्ने अनुमति पत्र ।
५. सम्बन्धित विषयको शैक्षिक योग्यताको प्रमाण पत्र ।

...........................

प्रमुख प्रशासकीय अधिकृत